# नेपाल सरकार
# शिक्षक सेवा आयोग
# निम्न माध्यमिक तह, तृतीय श्रेणी, शिक्षक पदको
# खुला प्रतियोगितात्मक विषयगत परीक्षा – २०८१

**विषय : नेपाली** | **पूर्णाङ्क : १००**

**समय : ३ घण्टा** | **उत्तीर्णाङ्क : ४०**

**सबै प्रश्नहरु अनिवार्य छन् । प्रत्येक खण्डका लागि बेग्लाबेग्लै उत्तरपुस्तिका प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तर पुस्तिका रद्द हुनेछ ।**

## खण्ड (क)

| | |
|---|---|
| १. भाषिक सीपको शिक्षण किन आवश्यक पर्दछ ? पढाइ सीपको मूल्यांकन गर्ने पाँचवटा व्यावहारिक तरिकाहरु उदाहरण सहित प्रस्तुत गर्नुहोस् । | ५+५ |
| २. गद्य र पद्य विधाको बीचमा विद्यमान भिन्नता दर्शाउँदै कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा रहेको 'मानव अधिकार' शीर्षकको निबन्ध शिक्षण गर्दा अवलम्बन गर्न सकिने शिक्षण विधि र शैक्षिक सामग्रीहरुको सूची उल्लेख गर्नुहोस् । | ५+५ |
| ३. शब्द रुपायन र व्युत्पादन प्रक्रियामा के भिन्नता छ ? समास प्रक्रियाद्वारा शब्द व्युत्पादन हुने तरिकाहरु उदाहरणसहित उल्लेख गर्नुहोस् । | ४+६ |
| ४. सामान्य लेखन र सिर्जनात्मक लेखनको भिन्नता स्पष्ट पार्नुहोस् । सिर्जनात्मक लेखनका लागि नमूनाका रुपमा प्रयोग गर्न सकिने उपयुक्त विषयमा १०० शब्दसम्मको एक अनुच्छेद तयार पार्नुहोस् । | ५+५ |
| ५. भाषा पाठ्यपुस्तकको परिचय दिनुहोस् । असल पाठ्यपुस्तकका गुणका आधारमा कक्षा ७ (सात) को वर्तमान नेपाली पाठ्यपुस्तकको समीक्षा गर्नुहोस् । | ३+७ |

.................................................................................................................

## खण्ड (ख)

| | |
|---|---|
| ६. भाषाको सामान्य परिचय र विशेषता प्रस्तुत गर्नुहोस् । नेपाली भाषाको आधुनिककालको वर्णन गर्दै यस कालमा प्रकाशित भएका कृतिहरुको चर्चा गर्नुहोस् । आधुनिक नेपाली भाषाका विशेषताहरु संक्षेपमा प्रकाश पार्नुहोस् । | ३+३+४ |

| | |
|---|---|
| **७.** नेपाली भाषा शिक्षणका समस्याहरु उल्लेख गर्नुहोस् । नेपाली भाषा शिक्षणमा प्रविधिको प्रयोग र सिकाइको सम्भावनाका सम्बन्धमा चर्चा गर्नुहोस् । | **५+५** |
| ८. क) साहित्यको हेतु र प्रयोजनको बारेमा संक्षिप्त प्रकाश पार्नुहोस् ।<br><br>ख) शब्दशक्तिको परिचय दिई रस र अलङ्कारका प्रकारहरु उल्लेख गर्नुहोस् । | **५**<br><br>**५** |
| **९.** भाषा शिक्षणमा अनुसन्धानको महत्व देखाउनुहोस् । 'नेपाली भाषा शिक्षणप्रति सरोकारवालाहरुको दृष्टिकोण' शीर्षकमा आधारित अनुसन्धानका ढाँचा निर्माण गर्ने क्रममा उद्देश्य र विधि लेख्नुहोस् । | **५+५** |
| **१०.** भाषिक मूल्याङ्कनका सिद्धान्तहरुको सूची प्रस्तुत गर्दै उत्तरपुस्तिका परीक्षणका विधिहरुको वर्णन गर्नुहोस् । | **४+६** |

****